# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६ ] काठमाडौं, भदौ २१ गते २०३३ साल [ संख्या २१

श्री ५ को सरकार

### भूमिसुधार मन्त्रालयको

### सूचना

सहकारी संस्था (दोस्रो संशोधन) नियमहरू, २०३३

सहकारी संस्था नियमहरू, २०१८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सहकारी संस्था ऐन, २०१६ को दफा २६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "सहकारी संस्था (दोस्रो संशोधन) नियमहरू, २०३३" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. सहकारी संस्था नियमहरू, २०१८ को नियम १६ मा संशोधन: सहकारी संस्था नियमहरू, २०१८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम १६ को खण्ड (ग) झिकिएको छ ।

३. मूल नियमावलीको नियम २२ मा संशोधन: मूल नियमावलीको नियम २२ मा रहेको "समितिको सदस्य" भन्ने शब्दहरूको सट्टा "समितिको सदस्यको योग्यता र निर्वाचन कार्यविधि" भन्ने शब्दहरू राखिएका छन् ।

863

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. मूल नियमावलीमा नियम २२ क. र २२ ख. थप: मूल नियमावलीको नियम २२ पछि देहायको नियम २२ क. र २२ ख. थपिएका छन्:–

"२२ क. उप–समितिको गठन : (१) रजिष्ट्रारले तोकिदिएको खास किसिमका रजिष्टर्ड संस्थाको कार्यक्षेत्रभित्र पर्ने पञ्चायतको प्रत्येक वडामा एक उप–समितिको गठन हुनेछ। सो वडाका रजिष्टर्ड संस्थाका सदस्यहरूमध्येबाट रजिष्ट्रारले मनोनीत गरेका तीनजना व्यक्तिहरू उप–समितिको सदस्य हुनेछन् र सोमध्ये एक जनालाई रजिष्ट्रारले अध्यक्ष तोक्नेछ।

(२) उप–नियम (१) बमोजिम उप–समितिको काम, कर्तव्य र अधि[कार] विनियममा तोकिएबमोजिम हुनेछन्।

२२ ख. कार्यकारिणी सभाको गठन: (१) नियम २२ क. को उप–नियम (१) बमोजिमको रजिष्टर्ड संस्थाको कार्यक्षेत्रभित्र पर्ने सबै उप–समितिका सदस्यहरूको एक कार्यकारिणी सभा हुनेछ। सो संस्थाको कार्यक्षेत्रभित्र पर्ने पञ्चायतको प्रधान–पञ्च तथा उप–प्रधानपञ्च संस्थाको सदस्य भएमा निजहरू कार्यकारिणी सभाको पदेन सदस्य हुनेछन्।

(२) उप–नियम (१) बमोजिम कार्यकारिणी सभाको अध्यक्ष सभाको अध्यक्ष र उपाध्यक्ष तथा सो कार्यकारिणी सभाको काम, कर्तव्य, अधिकार र कार्यविधि विनियममा तोकिएबमोजिम हुनेछन्।"

आज्ञाले–
नारायणविक्रम शाह
श्री ५ को सरकारको निमित्त सचिव

८८४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।